# बागमती गाउँपालिका

བཱག་མ་ཏི་ གཱཨུཔཱལིཀཱ་

## गाउँसभाको उन्नाइसौं अधिवेशनमा गाउँपालिका उपाध्यक्ष श्री भक्त बहादुर दर्लामी मगरद्वारा

## प्रस्तुत

## बागमती गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को

## बजेट वक्तव्य

२०८३ असार १० गते

**गाउँ सभाका अध्यक्षज्यू,**

**बागमती गाउँपालिकाका आदरणीय गाउँ सभाका सदस्यज्यूहरु,**

१. बागमती गाउँपालिकाको गरिमामय गाउँ सभाको सत्रौं अधिवेशनमा गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु स्थानीय तहको निर्वाचनमा बागमती गाउँवासीहरुले अमूल्य मत दिइ निर्वाचित गराउनुभएकोमा सम्पूर्ण आदरणीय मतदाता तथा गाउँवासीहरुमा हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्न चाहन्छु। यस अवसरमा म सर्वप्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र समग्र नेपालको दिगो शान्ति प्रगति समुन्नतिका लागि देशमा भएका क्रान्ति सशस्त्र आन्दोलन तथा जनआन्दोलहरुमा आफ्नो अमूल्य जीवन समर्पण गर्नु हुने नेपालको प्रथम शहीद लखन थापा मगर देखि जेन्जी आन्दोलन सम्मका सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति उच्च सम्मान तथा भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै सार्वभौम सम्पन्न राष्ट्रका रुपमा अक्षुण्ण राख्न अतुलनीय योगदान पुर्याउनु हुने अग्रणी व्यक्तित्वहरुलाई स्मरण गर्न चाहन्छु ।

२. नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारका राजनीतिक तथा प्रशासनिक संयन्त्र सम्बन्धमा नीतिगत व्यवस्था गरेको छ । संविधानमा नै व्यवस्था भएर नेपालको इतिहासमै पहिलो पटक स्थानीय तहलाई यति धेरै अधिकार सम्पन्न बनाईएको छ । शक्ति पृथकिकरणको सिद्धान्त अनुरुप कार्यपालिका, गाँउसभा र न्यायिक समितिको व्यवस्थाले स्थानीय तहलाई स्थानीय सरकारको रुपमा स्थापित गरेको छ त्यसैले स्थानीय सरकारसँग आमजनताको ठूलो आशा आकाङ्क्षाहरु जोडिएका छन् । सबैको अपन्नतो रहने गरी सहमति, सहकार्य र समन्वयमा गाउँपालिकाको समग्र आर्थिक, सामाजिक विकासमा योगदान पुर्याउने ठूलो मौकाको रुपमा लिएको छु ।

३. बागमती गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को बजेट प्रस्तुत गरिरहँदा गाउँपालिकाले तयार गरेको आवधिक योजनाले निर्दिष्ट गरेका विषय वस्तुहरुलाइ सार्थक बनाउने उद्देश्यले न्यूनतम आधारभूत स्वास्थ्य उपलब्धता, शैक्षिक गुणस्तरता, खानेपानीको सहज पहुँच, कृषि तथा पशुपालन, पर्यटन क्षेत्र मार्फत स्वरोजगार बनाउँदै उद्यमशिलता तर्फ नागरिकलाई आवद्ध गराइ आर्थिक अवस्थामा सुधार ल्याउने जस्ता कार्यक्रमलाइ समावेश गरी वजेट तर्जुमा गरेकोछु ।

४. बजेट तर्जुमा गर्दा मूलतः नेपालको संविधान, संघीय सरकार, प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, बागमती गाउँपालिकाको आर्थिक विधेयक २०८३, बागमती गाउँपालिकाको विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता, स्थानीय सरकारद्वारा निर्मित ऐन, नियम, कानुन, कार्यविधि, मापदण्ड, निर्देशन, गाउँसभा र कार्यपालिकाका निर्णयहरु, गाउँपालिकाको स्व-मूल्यांकनको आधार, दिगो विकास लक्ष्य, स्थानीय आम नागरिकको चासो र आवश्यकतालाइ मुख्य आधार वनाएको छु । स्थानीय सरकारले गरेको कार्यानुभव, विभिन्न क्षेत्रका सरोकारवालाहरुवाट प्राप्त महत्वपुर्ण सुझाव समेतलाइ बजेट निर्माण गर्दा विशेष ध्यान दिएको छु

५. गाउँपालिका भित्रका नागरिकहरुलाइ स्वरोजगार बनाउन स्थानीय स्रोत, श्रम, सिपको प्रयोग गरि विकास योजना संचालन गर्ने, अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजिगत खर्चको अंश वढाउने, चालु खर्चमा मितव्ययीता ल्याउने, फजुल खर्च नियन्त्रण गर्ने जस्ता नीति अख्तियार गरी बजेट प्रस्तुत गरेकोछु । योजना तथा कार्यक्रम छनोटमा साधन स्रोतको बाँडफाँड र विनियोजनमा देखिने

दोहोरोपनलाइ न्युनिकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका विचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।

**आदरणीय गाउँ सभा अध्यक्षज्यू तथा**
**गाउँ सभा सदस्यज्यूहरु,**

६. अब म बागमती गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट कार्यान्वयनको समीक्षा सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६.१. चालु आर्थिक वर्षको २०८३ असार ९ गते सम्मको कुल खर्च मध्ये चालु खर्च रु २९,५५,०४,३८२ (उनान्तीस करोड पचपन्न लाख चार हजार तीन सय बयासी रुपैंया) अर्थात विनियोजनको ६५.३३%, पुँजीगत खर्च रु ५,३५,६५,८५७ (पाँच करोड पैंतिस लाख पैंसाठ्ठी हजार आठ सय सन्ताउन्न रुपैंया) अर्थात विनियोजनको ४६.५५ % भएको छ ।

६.२. चालू आर्थिक वर्षको २०८३ असार ९ गते सम्मको कुल राजस्व सङ्कलन रु २,०७,७५,१६७।२२ (दुई करोड सात लाख पचहत्तर हजार एक सय सट्साठ्ठी रुपैंया बाइस पैसा) भएको छ । चालू आ.व.को असार मसान्तसम्म कुल राजस्व सङ्कलन रु २,९८,७५,१६७।२२ (दुई करोड अन्ठानब्बे लाख पचहत्तर हजार एक सय सट्साठ्ठी रुपैंया बाइस पैसा) हुने संसोधित अनुमान छ। यो लक्ष्यको तुलनामा ६६.८३% हो ।

६.३ नेपाल सरकार र प्रदेश सरकारको वित्तिय समानीकरण मार्फत प्राप्त हुने अनुदान लगायत नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त हुने अनुदानमा कटौती भएको कारण आगामी आ.व. ०८३/८४ मा बाँकी भुक्तानीको रुपमा दायित्व सृजना हुने देखिन्छ । कुल बजेटको ठूलो हिस्सा यसरी छुटयाउनु पर्दा आगामी वर्षको विकास कार्यका लागि स्रोत व्यवस्थापनमा चाप परेको छ ।

**आदरणीय गाउँ सभा अध्यक्षज्यू एवम्**
**गाउँ सभा सदस्यज्यूहरु,**

७. अब म बागमती गाउँपालिकाको बजेट प्रणालीमा देखिएका चुनौती तथा अवसर सङ्क्षेपमा प्रस्तुत गर्न चाहन्छु :

७.१. गाउँपालिकालाई प्राप्त हुने संघीय तथा प्रदेश सरकारवाट प्राप्त हुने समानीकरण अनुदान एवम राजस्व बाँडाफोडबाट प्राप्त हुने प्रक्षेपित रकम विगतका आ.व.मा भन्दा अपेक्षाकृत रुपमा बढेर प्राप्त नहुनु आफैंमा चुनौती छ । साथै प्राप्त प्रक्षेपणहरुमा समेत कटौति गरिने हुँदा ती अनुदानका कार्यक्रमहरु कार्यान्वयनमा चुनौती रहेको छ ।

७.२. राजस्व प्रणालीमा सुधार, चुहावट नियन्त्रण र करको दायरा विस्तार गरी राजस्व परिचालन वृद्धि गर्नुपर्ने देखिन्छ ।

७.३. स्थानीयहरुको आर्थिक विकास हुने गरी विविध क्षेत्रका ठूला व्यवसायिक लगानी भित्रयाउन सकिएको छैन।

७.४. माथि उल्लेखित चुनौतिका बावजुद पनि नेपाल सरकार, बागमती प्रदेश सरकारले लिएका पहलकदमी लगायत बागमती गाउँपालिकाले सुरु गरेको छलफल प्रयासहरुले गाउँपालिकाको समग्र विकास सुचाङ्कहरुमा सकारात्मक परिवर्तन देखिन थालेको छ ।

**आदरणीय गाउँ सभा अध्यक्षज्यु एवम्**

**गाउँ सभा सदस्यज्यूहरु**

८. यस गाँउपालिकाको नीति तथा कार्यक्रम बमोजिम उपलब्ध श्रोतलाई अधिकतम परिचालन गरी बागमती गाँउपालिकालाई नमूनाको रुपमा विकास गर्न ***कृषि, पर्यटन र पूर्वाधार :समृद्ध र सुखी बागमती गाउँपालिकाको मूल आधार*** भन्ने दीर्घकालीन सोंचका साथ आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि तयार गरिएको वार्षिक बजेट तथा कार्यक्रमको उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

**बजेट तथा कार्यक्रमका उद्देश्यहरु**ः

- गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरुलाई प्राथमिकताका साथ प्रवर्द्धन गर्ने ।
- कृषि तथा पशुपालन व्यवसायलाइ आत्मनिर्भर गराउँदै रोजगारीका अवसर सिर्जना गर्ने र बजारीकरणको सुनिश्चित गर्ने ।
- न्यूनतम आधारभूत स्वास्थ्य सेवाको उपलब्धता गराउने ।
- गुणस्तरिय शिक्षामा जोड दिने ।
- विपद् क्षति न्यूनीकरण एवम् राहत उद्धार सम्बन्धी पर्याप्त मात्रामा पूर्व तयारी गर्ने ।
- स्थानीय श्रोत साधनको समुचित परिचालन मार्फत दिगो आर्थिक बृद्धि गर्ने ।
- सामाजिक समावेशीकरण र लैंगिक मूलप्रवाहीकरणका लागि लक्षित वर्गको हित अनुकूल कार्यक्रमहरु संचालन गर्ने ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवामा आम नागरिकको सहज र सरल पहुँच स्थापित गरि शुसासन प्रबर्नद्धन गर्ने ।
- आधारभूत पूर्वाधारको निर्माणमा जोड दिने तथा अधुरा योजनाहरुको निर्माण सम्पन्न गर्ने ।
- उद्यम व्यवसायमा महिला, युवा तथा बैदेशिक रोजगारबाट फर्केका स्थानीयहरुको अर्थपूर्ण सहभागिता वृद्धि गरी आयआर्जनमा क्रियाशिल गराउने
- संघ र प्रदेश सरकारका नीति तथा कार्यक्रमसंग सहकार्य गरी विभिन्न योजना तथा कार्यक्रमहरु निर्माण तथा संचालन गर्ने ।

**बजेट तथा कार्यक्रमका मुख्य प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम पहिचान गरेको छु ।**

- पर्यापर्यटन क्षेत्रको पहिचान, विकास र प्रचार प्रसार
- प्रविधि मैत्री गुणस्तरीय सेवा प्रवाह, संस्थागत विकास र सुशासन प्रवर्द्धन
- विपद् व्यवस्थापन
- कृषि तथा पशुपालन र बजारीकरण
- ,न्यूनतम आधारभूत स्वास्थ्य सम्वन्धि कार्यक्रमहरु
- आधारभूत शिक्षा तथा शैक्षिक सुधार सम्बन्धि कार्यक्रमहरु
- खानेपानी तथा सरसफाइ सम्बन्धि कार्यक्रमहरु
- पूर्वाधार विकास
- ज्येष्ठ नागरिक, अपाङ्ग, अशक्त तथा असहाय व्यक्ती लक्षित कार्यक्रम
- लैंगीक समानता तथा सामाजिक समावेशीकरण
- स्थानीय संस्कृति पहिचान र प्रवर्द्धन।

**आदरणीय गाउँ सभा अध्यक्षज्यु एवम्**
**गाउँ सभा सदस्यज्यूहरु**

९. अब म आर्थिक वर्ष २०८३।८४ को आय व्यय प्रस्तुत गर्दछु ।

९.१. आर्थिक वर्ष २०८३।८४ को लागि **कुल रु. ५५ करोड ०५ लाख ३१ हजार १ सय** ४० बजेट विनियोजन गरेको छ ।

९.२. **आय तर्फ :**

१. संघीय सरकारको सशर्त अनुदान - २४ करोड ५७ लाख

२. बागमती प्रदेश सरकारको सशर्त अनुदान - १ करोड ३७ लाख ५१ हजार

**कुल सशर्त अनुदान - २५ करोड ९४ लाख १ हजार**

३. संघीय सरकारको समपूरक अनुदान — २ करोड २२ लाख

४. बागमती प्रदेश सरकारको समपुरक अनुदान - २ करोड ४० लाख

**कुल समपुरक अनुदान - ४ करोड ६२ लाख**

५. संघीय सरकारको विशेष अनुदान - ४५ लाख

६. प्रदेश सरकारको विशेष अनुदान — ६५ लाख

**कुल विशेष अनुदान - १ करोड १० लाख**

६. संघीय सरकारको वित्तीय समानीकरण - ७ करोड ८२ लाख

७. बागमती प्रदेश सरकारको वित्तीय समानीकरण - ६३ लाख ९१ हजार

**कुल वित्तीय समानीकरण - ८ करोड ४५ लाख ९१ हजार**

८. संघीय सरकारबाट राजस्व बाँडफाँड बापत प्राप्ती - ७ करोड ०१ लाख ४६ हजार

९. बागमती प्रदेश सरकारबाट राजस्व बाँडफाँड बापत प्राप्ती - २ करोड ९८ लाख ३१ हजार १ सय ४०

**कुल राजस्व बाँडफाँड बापत प्राप्ती - १० करोड १९ हजार १ सय ४०**

१०. आन्तरिक आय - ४ करोड १२ लाख

११. अल्या तथा अन्य आय - ८० लाख

९.३. **व्यय तर्फ :**

१. कुल रु ५५ करोड ०५ लाख ३१ हजार १ साय ४० मध्ये **चालु तर्फ रु. ३४ करोड १३ लाख २९ हजार ३ सय ६ रुपैंया** र **पूँजीगत तर्फ रु. २० करोड ९२ लाख १ हजार ८ सय ३४** विनियोजन गरेको छ । यो प्रतिशतको हिसाबले **चालु तर्फ ६२ प्रतिशत** र **पूँजीगत तर्फ ३८ प्रतिशत** रहेको छ ।

२. **सर्शत कार्यक्रम** का लागि कुल **२५ करोड ९४ लाख ५१ हजार** विनियोजन गरेको छ ।

३. **समपुरक कार्यक्रम** का लागि **रु ७ करोड ७० लाख** रकम विनियोजन गरेको छ ।

४. **विशेष अनुदान कार्यक्रम** का लागि तर्फ **रु १ करोड १० लाख** रकम विनियोजन गरेको छ ।

५. दैनिक कार्यालय सञ्चालन, पदाधिकारी सुविधा कर्मचारी तलब भत्ता लगायतका **प्रशानिक कार्यालय सञ्चालन**का लागि कूल रु **८ करोड ९१ लाख** विनियोजन गरेको छु।

६. **१ देखी ७ सम्म वडाहरुको वडास्तरीय योजना तथा कार्यक्रम**का प्रति वडा ४० लाखका दरले एकमुष्ट **रु २ करोड ८०** रकम विनियोजन गरेको छु ।

७. **१ देखी ७ सम्म वडाहरु**बाट प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य मार्फत आफ्नो वडामा समानुपातिका विकासका लागि प्रति **कार्यपालिका सदस्य** ५ लाखका दरले थप एकमुष्ट **रु ३५ लाख** रकम विनियोजन गरेको छु ।

८. आ.व. ०८२/०८३ मा प्रक्षेपित आय अनुसारको अनुदान रकम प्राप्त नहुँदा दायित्व सृजना भएका शीर्षक तर्फ **१ करोड ५० लाख** विनियोजना गरेको छु ।

११. गाउँपालिकाले विभिन्न निकायहरुसँग लागत साझेदारीका लागि गरेको प्रतिवद्धता एवम् आगामी आ.व.मा भैपरि आउन सक्ने लागत साझेदारी कार्यक्रमका लागि अनुरुप कार्यक्रम सञ्चालन गर्न **रु ७९ लाख ५० हजार** विनियोजन गरेको छु ।

१२. गाउँपालिकामा प्रकोप नियन्त्रण व्यवस्थापन तथा राहत उद्धार प्रयोजनका लागि **विपद् व्यवस्थापन कोषमा १० लाख** विनियोजन गरेको छु ।

१३. **"बाल्यकालको बचत उच्च शिक्षा हासिल गर्ने आधार भन्ने नाराका"** साथ गाउँपालिका र अभिभावकको साझेदारीमा सुरुवात गरिएक **बाल्यकालको बचत कार्यक्रम**का लागि **८ लाख** विनियोजन गरेकोछु ।

१४. गाउँपालिकाको पूर्वधार विकास तर्फका योजनाहरुका लागि १ करोड १० लाख हजार सामाजिक विकास तर्फका योजनाहरुका लागि १ करोड ५० लाख आर्थिक विकास तर्फका योजनाहरुका लागि ५० लाख क्षमता विकास तथा सूशासन तर्फका योजनाहरुका लागि २५ लाख र वन वातावरण तथा विपद् व्यवस्थापन तर्फका योजानहरुका लागि ३० लाख बजेट विनियोजन गरेको छु ।

१५. जनतासँग अध्यक्ष कार्यक्र र जनतासँग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिई क्रमश रु ६० लाख र ४० लाख विनियोजन गरेको छु ।

१६. गाउँपालिका भित्रका जग्गाहरुको यसै वर्ष भूउपयोग वर्गिकरणका लागि बजेट बनियोजन गरेको छु ।

१७. बागमती गाउँपालिका भित्रका सुत्केरीहरुलाई स्वास्थ्य संस्थामा प्रसुतिका लागि एक तर्फी एम्बुलेन्स भाडा नि:शुल्क हुन बजेट विनियोजन गरेको छु ।

१८. गाउँपालिका भित्रका सेवा प्रवाहहरुमा आधुनिक च्याट बोट प्रयोग गरी गुनासो व्यवस्थापन, प्रविधि मैत्री सहायता कक्ष लगायत व्यवस्था हुन तथा गाउँपालिकाको वार्षिक योजना कार्यक्रम सञ्चालनमा सफ्टवयर प्रयोग गर्न बजेट विनियोजन गरेको छु ।

१९. बागमती गाउँपालिका वडा नं. ७ गिम्दी स्थित मगर गाउँ होम स्टेलाई प्रवर्धन तथा संस्कृती जगेर्ना गर्न बजेट विनियोजन गरेको छु ।

२०. विद्यार्थीहरुको शिक्षामा सघाउ पुर्याउन छात्रवृत्ती कार्यक्रमलाई निरन्तरताका लागि बजेट विनियोजन गरेको छु ।

२१. तीनपाने तरकारी संकलन केन्द्रलाई केन्द्र विन्दु बनाई पर्यटकीय हवको रुपमा विकास गर्न तथा पर्यटकहरुको आकर्षणका लागि महोत्सव आयोजना गर्न बजेट विनियोजन गरेको छु ।

**आदरणीय गाउँ सभा अध्यक्षज्यू एवम्**
**गाउँ सभा सदस्यज्यूहरु,**

गाउँपालिकामा उपलब्ध सिमित श्रोत साधनको न्यूनतम आवश्यकता परिपूर्तीको प्रयास गरिएको छ तथापी आम नागरिकका अपेक्षित समस्यालाइ समाधान गर्न नसक्ने खालका योजना/ कार्यक्रमहरु सङ्कलन गरी योजना बैंकको रुपमा निर्माण गरी संघीय सरकार र प्रदेश सरकारसंग प्रभावकारी समन्वय र बजेट व्यवस्थापनका लागि अनुरोध गर्ने व्यवस्था मिलाइनेछ । योजना तथा वजेट तर्जुमा गर्दा सल्लाह, सुझाव तथा पृष्ठपोषण प्रदान गर्नुहुने गाउँबासीहरु, राजनीतिक दलहरु, संघसंस्थाहरु र गाउँपालिकाका कर्मचारीहरु प्रति आभार व्यक्त गर्दछु । प्रस्तावित बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट बागमती गाउँवासीका आकांक्षा र आवश्यकतालाई क्रमिक रुपमा सम्बोधन गर्दै जाने र गाउँपालिकाको दीर्घकालीन सोच हासिल गर्न सफल हुने कुरामा विश्वस्त छु । बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सबै पक्षहरुबाट साथ, सहयोग र समर्थन पाउने अपेक्षा राखेकोछु ।

**धन्यवाद ।**

**भक्त बहादुर दर्लामी मगर**
**उपाध्यक्ष**

**मिति २०८३/०३/१०**